नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बैतडी

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र
## सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको
## २०७८ कार्तिक, मंसिर र पौष महिनाको
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## २०७८ माघ
## (दोस्रो त्रैमासीक)



# जिल्ला प्रशासन कार्यालय, बैतडी

## स्वतः प्रकाशन (Proactive Disclosure) तयारीमा संलग्न पदाधिकारीहरु



राजेन्द्रदेव पाण्डे

प्रमुख जिल्ला अधिकारी



खगेन्द्र भारती

प्रशासकीय अधिकृत



राम दत्त जोशी

नायव सुब्बा



सुरेन्द्र देब भट्ट

कम्प्युटर अपरेटर



नरेश राज जोशी

खरिदार

# स्वत: प्रकाशन
## (Proactive Disclosure)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरु उल्लेख रहेका छन् ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जिल्ला प्रशासन कार्यालयबाट भए गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस् भन्ने अभिप्रायका साथ यस कार्यालयबाट आ.व. २०७८/७९ को कार्तिक देखि पौष मसान्तसम्म सम्पादन भएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय**
**बैतडी**

**मिति २०७८ माघ (दोस्रो त्रैमासीक)**

२०७८।१०।१०

खगेन्द्र भारती
प्रशासकीय अधिकृत

# विषय सूची


१- जिल्ला प्रशासन कार्यालय बैतडीको परिचय ........................................................१

२- कार्यालयको काम, कर्तव्य र अधिकार ................................................................१

३- कार्यालयको संगठन संरचना तथा दरवन्दी ...........................................................३

४- कार्यालयबाट प्रदान गरिने सेवा ..........................................................................४

५- सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ......................................................१८

६- सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी ..................................................................१९

७- निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ............................................१९

८- निर्णय उपर उजुरी सुन्ने अधिकारी .....................................................................१९

९- सम्पादन गरेको कामको विवरण (२०७८ कार्तिक-पौष सम्म) ...............................१९

१०- सूचना अधिकारी र प्रमुखको नामथर र पद .......................................................२०

११- ऐन, नियम, विनियम वा निर्देशनहरुको सूची .....................................................२१

१२- आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण .....................२२

१३- तोकिए बमोजिमका अन्य विवरण ....................................................................२३

१४- अधिल्लो आ.व.मा सञ्चालीत कार्यक्रमहरु ..........................................................२३

१५- सार्वजनिक निकायको वेवसाइट .......................................................................२४

१६- प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण ................२४

१७- कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली ............................२४

१८- कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन .................................................२४

१९- जिल्ला प्रशासन कार्यालयबाट प्रकाशन भएका प्रकाशनहरु ................................२४

२०- सिर्जनशिल कार्यहरु ........................................................................................२५

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**आ.व. २०७८/७९ (२०७८ कार्तिक देखी पौष मसान्त सम्मको)**

### १- जिल्ला प्रशासन कार्यालय बैतडीको परिचय:-

मुलुकको दैनिक प्रशासन लगायत कानूनी राज्यको अवधारणालाई कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा, अमनचयन र सुशासन कायम गर्ने सन्दर्भमा गृह प्रशासनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय प्रशासनलाई विकेन्द्रित शासन व्यवस्था अनुरुप सञ्चालन गर्न तथा शान्ति सुरक्षा र व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ जारी गरी लागू गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार जिल्ला प्रशासन कार्यालय, बैतडीको स्थापना भएको हो ।

वि.स. २०७२ सालमा जारी भएको नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गरी राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ । जिल्ला प्रशासन कार्यालय नेपालको संविधानको अनुसूची-५ मा रहेको संघको अधिकार सूचीमा रहेका विषयमा सेवा प्रवाह गर्ने संघीय सरकारको महत्वपूर्ण प्रतिनिधि संस्था हो । नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत तहेको यस कार्यालयले मूलत: जिल्लाको शान्ति सुरक्षा, सुशासन कायम गर्ने, विपद् व्यवस्थापन, नागरिकता/राहदानी वितरण, जिल्लाका सबै कार्यालयहरु बीच आवश्यक समन्वय गराउने नेतृत्वदायी निकायको रुपमा कार्य गर्दै, विकास निर्माणको अनुगमन र सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरु कारवाही र किनारा लगाउने, स्थानीय तहहरु संग सहकार्य लगायत अन्य निकाय/क्षेत्रसंग यसको समन्वयपूर्ण र नेतृत्वदायी भूमिका रहने हुँदा बहुआयमिक निकायको रुपमा यो कार्यालय पर्दछ।

बैतडी जिल्लाको जनसंख्या, भौगोलिक अवस्थित र स्थानीय जनताको माग समेतलाई मध्यनजर गरी स्थानीय जनतालाई नजिकवाट सेवा पुऱ्याउने उद्देश्यले बैतडी जिल्लाको पुर्चौडी हाट १ स्थानबाट ईलाका प्रशासन कार्यालय मार्फत सेवा प्रवाह भईरहेको छ ।

### २- जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
- आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने।
- जिल्ला स्तरमा नेपाल प्रहरी, र सशस्त्र प्रहरी बलको परिचालन र प्रयोग गर्ने ।
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण गर्ने।
- बंशजको आधारमा नेपाली नागरिकता वितरण गर्ने।
- बैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) वितरण गर्ने ।
- नागरिकताको प्रतिलिपि प्रदान गर्ने ।

- राहदानी सिफारिस तथा वितरण गर्ने ।
- नावालक परिचयपत्र जारी गर्ने ।
- कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- जिल्ला स्थित कारागारको व्यवस्थापन ।
- हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस, नविकरण र नियन्त्रण गर्ने ।
- विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने।
- रसायन पदार्थ आयातको सिफारिस गर्ने ।
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने ।
- गैरसरकारी सङ्घ, संस्था दर्ता, नवीकरण र नियमन गर्ने ।
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने ।
- जिल्ला भित्र हुने विभिन्न कार्यक्रमको अनुमति एवं उत्सवहरुको सुरक्षा व्यवस्था मिलाउने ।
- निजी सुरक्षा कम्पनीको दर्ता, नविकरण एवं पुन: सञ्चालन अनुमति दिने ।
- 2kg सम्मका ड्रोन क्यामरा (UAV/DRONE) उडानको अनुमति दिने ।
- जिल्लामा जडान भएका व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका CCTV क्यामेराको लगत राख्ने र सो सम्बन्धी वार्षिक प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने ।
- भारतिय तथा ब्रिटिश सेनामा कार्यगरी निवृत भएका व्यक्ति तथा तिनिहरुको परिवारको नाम, थर,उमेर फरक परेको बिषयमा सिफारिस लगायत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने ।
- आदिवासी जनजाती सिफारिस गर्ने ।
- स्थानीय प्रशासनको सञ्चालन गर्ने।
- बाल कल्याण तथा बाल अधिकारको संरक्षण गर्ने।
- भ्रष्टाचार, लागू औषध नियन्त्रण गर्ने ।
- संघीय र प्रदेश स्तर दुवै तहका कार्यालय निरीक्षण तथा अनुगमन गर्ने।
- कल्याण धन र बेवारिस धनको व्यवस्थापन गर्ने ।
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने।
- विपद् व्यवस्थापन गर्ने।
- मुआब्जा निर्धारण तथा वितरण गर्ने।
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने ।
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन ।
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण गर्ने ।

- निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन गर्ने।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने।
- आयोजना निर्माणमा सहजिकरण तथा समन्वय गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने ।
- जिल्ला भित्र बजार अनुगमन,  नियमन तथा नियन्त्रण ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, बालमन्दिर, मन्दिर, धर्मशाला आदिको लगत राख्ने ।

## ३- कार्यालयको संगठन संरचना तथा स्वीकृत दरबन्दी :

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समुह | दरबन्दी |
|---|---|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय, बैतडी तर्फ | | | | | |
| १ | प्र.जि.अ. | रा.प. प्रथम | प्रशासन | सा. प्रशासन | १ |
| २ | स.प्र.जि.अ. | रा.प.द्बितीय | प्रशासन | सा. प्रशासन | १ |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | प्रशासन | सा. प्रशासन | २ |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा. प्रशासन | ५ |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ |
| ६ | क.अ. | रा.प.अनं. प्रथम | विविध | - | २ |
| ७ | खरिदार | रा.प.अनं. द्बितीय | प्रशासन | सा. प्रशासन | ३ |
| ८ | ह.स.चा. | श्रेणी विहिन | - | - | १ |
| ९ | का.स. | श्रेणी विहिन | - | - | ६ |
| | जम्मा | | | | २२ |
| ईलाका प्रशासन कार्यालय, पुर्चौडी बैतडी तर्फ | | | | | |
| १ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | प्रशासन | सा. प्रशासन | १ |
| २ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा. प्रशासन | २ |
| ३ | स.ले.पा. | रा.प.अनं. द्बितीय | प्रशासन | लेखा | १ |
| ४ | स.क.अ. | रा.प.अनं. द्बितीय | विविध | | १ |
| ५ | का.स. | श्रेणी विहिन | | | २ |
| | जम्मा | | | | ७ |

## ४- कार्यालयबाट प्रदान गरिने सेवा:-

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु कार्यालयको नागरिक वडापत्रमा उल्लेख भए बमोजिम रहने छन् ।

### जिल्ला प्रशासन कार्यालय बैतडीको नागरिक वडापत्र (Citizen Charter)

| क्र.सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | **नागरिकता सम्बन्धी**<br>**१- नयाँ नागरिकता**<br><br>क) वंशजको आधारमा नेपाली नागरिकता | १. अनुसूची-१को फाराममा सम्बन्धित स्थानीय तहको वडा अध्यक्षको सिफारिस ।<br>२. बाबु र आमाको नागरिकता (आमाको मात्र नागरिकता पेश भएकोमा आमाले नेपाली नागरिक संग विवाह भएको खुल्ने प्रमाणपत्र) र विबाहिता माहिला भए पतिको नागरिकता, विवाह दर्ता प्रमाण पत्र । सो नभए दाजु र नाता प्रमाणित पत्र ।<br>३. बाबु, आमा वा वंशजतर्फका तीन पुस्ताभित्रको नजिकको अभिभावक संगको नाता प्रमाणित सहित सनाखत।<br>४. जन्मस्थान वा नाता खुल्ने गरी स्थानीय निकायको जन्मदर्ता प्रमाण पत्र, जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा नावालक परिचयपत्र ।<br>५. बाबु वा आमाको मृत्यु भएकोमा मृत्यु दर्ता प्रमाण पत्र ।<br>६. स्पष्ट मुखाकृति (दुबै कान) देखिने हालै खिचिएको स्तरिय २ प्रति अटो साइजको फोटो ।<br>७. **बसाई सराई गरी आउनेको हकमा उल्लेखित कागजातको अतिरिक्त देहायको कागजात संलग्न हुनुपर्नेः-**<br>क) स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाई सराईको प्रमाण पत्र<br>ख) जग्गाधनी प्रमाण पूर्जा, घर नक्सापास प्रमाणपत्र ।<br>ग) स्थायी बसोबास (घर निर्माण स्वीकृति, बिजुलीको बिल, धारा पानीको बिल )<br>ग) बसाई सरि आएको जिल्लाबाट बाबु आमा वा सनाखत गर्ने व्यक्तिको नागरिकताको अभिलेख माग गरि सो भिडेको अभिलेख प्राप्त हुनु पर्नेछ । | निवेदनमा रु.१०/-को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.५<br>नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा स.प्र.जि.अ. | |
| | ख) वैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) | १. अनुसूची-७ बमोजिमको फाराममा स्थानीय निकायको वडा अध्यक्षको सिफारिस<br>२. पतिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।<br>३. विवाह दर्ता प्रमाण पत्र ।<br>४. विदेशी नागरिकता त्याग्न कारवाही चलाएको पत्रको प्रतिलिपि र त्यसको सक्कल हुलाक रसिद प्रमाण ।<br>५. पतिको सनाखत वा पतिको मृत्यु भएमा मृत्यु दर्ता सहित पतिसंग नाता खुल्ने तिन पुस्ताभित्रका व्यक्तिको नागरिकता संलग्न राखी सनाखत । | निवेदनमा रु.१०/-को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.५<br>नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | ६. अन्य मुलुकको भए राहदानी ।<br>७. स्पष्ट मुखाकृति (दुबै कान) देखिने हालै खिचिएको स्तरिय २ प्रति अटो साइजको फोटो ।<br>८. स्थानियतहले चालचलन सम्बन्धी सिफारिस पत्र । | | | | | |
| | ग) पितृत्व/ मातृत्वको ठेगान नभएको व्यक्तिका हकमा | १. अनुसूची-१ बमोजिमको फाराममा स्थानीय निकायको वडा अध्यक्षको सिफारिस ।<br>२. नेपाल सरकारबाट स्वीकृत प्राप्त बाल मन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथालयको संरक्षणमा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सो संस्थाको प्रमुखबाट सनाखत ।<br>३. कुनै व्यक्ति विशेषले प्रचलित कानून बमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए त्यस्तो व्यक्तिबाट सबै व्यहोरा खोली सनाखत ।<br>४. पितृत्व वा मातृत्वको बारेमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय निकाय वा प्रहरी प्रतिवेदन लिन सकिने छ । | निवेदनमा रु.१०/-को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.५ नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| | घ) कर्मचारी परिवार | १. जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, सरकारी संस्थान,विश्वविद्यालय वा सामुदायीक विश्वविद्यालयमा कार्यरत स्थायी शिक्षकका परिवार भए सम्बन्धित निकायको बहाल रहेको कर्मचारीको विवरण सहितको सिफारिस ।<br>२. अनुसूची-१ बंशज र अनुसूची-७ वैवाहिक अंगिकृतको दुई प्रति स्थानीय निकायको सिफारिस फाराम ।<br>३. बाबु आमा/ पतिको नेपाली नागरिकताको प्रमाण पत्र सहित सनाखत ।<br>४. स्पष्ट मुखाकृति (दुबै कान) देखिने हालै खिचिएको स्तरिय अटो साइजको फोटो २ प्रति (बंशज) र ४ प्रति (वैवाहिक अंगिकृतका लागि)<br>५. विवाहित महिलाको हकमा पतिको नागरिकता सहित विवाह दर्ता प्रमाण पत्र । | निवेदनमा रु.१०/-को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.५ नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| | **२- नागरिकता प्रतिलिपि**<br>क) बंशज नागरिकता प्रतिलिपि | **<u>बैतडी जिल्लाको हकमा:</u>**<br>१. अनुसूची फाराम सम्बन्धित स्थानीय निकायको सिफारिस र ३ प्रति फोटो।<br>२. पहिला पाएको नागरिकता प्रमाण पत्रको झुत्रो प्रति वा प्रतिलिपि वा ना.प्र.न. र जारी मिति अनिवार्य उल्लेख भएको ।<br>३. नागरिकता प्रमाणपत्र नम्बर एवं जारीमिति खुलेको प्रमाण र सोको प्रमाणित प्रतिलिपि। | निवेदनमा रु.१३/-को टिकट | प्रमाण पुगेमा सोही दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.५ नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |

| क्र.सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | ४. धैरै पुराना नागरिकता प्रमाण पत्रको कार्यालय अभिलेख आदि नबुझिने भएकोमा वा नभेटिएमा अनुसूची-१ बमोजिमको फाराम भरी स्थानीय निकायको सिफारिस सहित पिता, आमा,दाजु, भाईको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र सनाखत (नया ना.प्र.लिए सरहको प्रकृया )।<br>**<u>अन्य जिल्लाबाट जारी भएको नागरिकताको प्रतिलिपिको हकमा:</u>**<br>१. बसाइसराइ दर्ता प्रमाण पत्र सक्कल तथा प्रतिलिपि ।<br>२. घर जग्गा स्थायी बसोबास लालपुर्जा सक्कल तथा प्रतिलिपि ।<br>३. जारी भएको जिल्लाको अभिलेख भिडेको प्रमाण ।<br>४. सक्कल नागरिकता भए सो नागरिकता ।<br>**<u>कर्मचारी परिवारको हकमा :</u>**<br>१. सम्बन्धित कार्यालयको सिफारिस पत्र ।<br>२. जारी भएको जिल्लाको अभिलेख भिडेको प्रमाण ।<br>३. कर्मचारीको परिचय पत्रको फोटोकपी ।<br>**<u>पतिको नामथर समावेश गरी प्रतिलिपि लिन :</u>**<br>१. पतिको सक्कल नागरिकताको प्रमाणपत्र एवं प्रतिलिपि र सनाखतको लागि उपस्थिति।<br>२. विवाह दर्ता सक्कल तथा प्रतिलिपि ।<br>३. अन्य जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी भएको भए सम्बन्धित जिल्लाबाट अभिलेख भिडेको प्रमाण ।<br>४. पहिले लिएको नागरिकताको सक्कल प्रमाणपत्र ।<br>**<u>पुन: विवाह गरी हालको पतिको नामथर र वतन कायम गर्न ।</u>**<br>१. सम्बन्ध विच्छेद गरेको अदालतको फैसलाको प्रमाणित प्रतिलिपि।<br>२. सम्बन्धित स्थानियतहको सम्बन्ध बिच्छेद दर्ता प्रमाण पत्रको प्रतिलिपि।<br>३. सम्बन्धित स्थानीय निकायबाट फोटो समेत प्रमाणित गरेको निर्धारित फाराम ।<br>४. हालको पतिको सक्कल नागरिकताको प्रमाणपत्र एवं प्रतिलिपि र सनाखतको लागि उपस्थिति ।<br>५. हालको पतिसंगको विवाह दर्ता प्रमाण पत्र ।<br>६. पहिले लिएको सक्कल नागरिकता प्रमाण पत्र ।<br>६. स्पष्ट मुखाकृति (दुबै कान) देखिने हालै खिचिएको स्तरिय अटो साइजको फोटो २ प्रति | | | | | |
| | ख) वैवाहिक | १. अनुसूची फाराम सम्बन्धित स्थानीय तहबाट फोटो समेत प्रमाणित | निवेदनमा रु.१३/-को | प्रमाण पुगेमा | स.प्र.जि.अ./ना.सु. | स.प्र.जि.अ.को | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | अंगीकृत तथा जन्मसिद्ध नेपाली नागरिकताको प्रतिलिपि | गरेको सिफारिस।<br>२. नागरिकता प्रमाणपत्र नम्बर एवं जारीमिति खुलेको प्रमाण र सोको प्रमाणित प्रतिलिपि।<br>३. बसाइसराई गरि आएका अन्य जिल्लाहरुबाट नागरिकता लिएका व्यक्तिको हकमा बसाइसराई प्रमाणपत्र, घर जग्गा स्थायी बसोबास लालपुर्जा सक्कल तथा प्रतिलिपि ।<br>**४.** प्रकरण ३ बमोजिमका निवेदकलाई नागरिकता प्रमाण पत्र जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट अभिलेख भिडान भएको प्रमाण प्राप्त भएपछि मात्र नागरिकता प्रमाणपत्रको प्रतिलिपि दिइनेछ । | टिकट | सोही दिन | कोठा नं.५<br>नागरिकता फाँट | हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| | **३- नागरिकता परित्याग** | १. सक्कल नागरिकताको प्रमाण पत्र ।<br>२. सक्कल राहदानी ।<br>३. अनुसूची ९ फाराम फोटो सहित ।<br>४. विदेशी राष्ट्रबाट प्राप्त गरेको नागरिकता प्रमाण पत्र तथा राहदानी वा नागरिक हुन चाहेको राष्ट्रबाट प्राप्त हुने अग्रिम जानकारी पत्र (No Objection Letter) | निवेदनमा रु.१०/-को टिकट | निर्णय प्रकृया पुगेपछि | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.५<br>नागरिकता फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| | **४- CIMS विवरण सम्बन्धी** | १. सक्कल नागरिकता सहित परेको समस्या/दुविदा/गुनासो स्पष्ट खुलेको निवेदन ।<br>२. आवश्यकता अनुसारका कागजात प्रमाण पत्रका सक्कल सहित प्रतिलिपी ।<br>३. नागरिक एप बाट स्पष्ट कागजात सहित अनुरोध पठाउन सकिने छ ।<br>४. कार्यालयबाट माग भएका कागज पत्र सहित दिइएका निर्देशनहरु पालना गर्नु पर्ने । | नागरिक एप बाट आएका निवेदन बाहेकका निवेदनमा रु.१०/-को टिकट | निर्णय प्रकृया पुगेपछि कार्य प्रारम्भ गरिने छ। CIMS विवरण संसोधन भएको १ हप्ता सम्म संसोधित विवरण देखा पर्नेछ | स.प्र.जि.अ./कम्प्युटर अपरेटर<br>कोठा नं.६<br>CIMS फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| २. | **राहदानी सिफारिस सम्बन्धी**<br>क) नयाँ साधारण राहदानी सिफारिस | १. रितपुर्वक भरिएको दरखास्त फाराम ३ प्रति ।<br>२. नेपाली नागरिकतको प्रमाणपत्रको सक्कल प्रति र सोको १ प्रति प्रतिलिपि *(नागरिकता शाखाबाट नागरिकता प्रमाणपत्र भिडेको हुनु पर्नेछ ।)*<br>३. नाबालकको हकमा नाबालक परिचय पत्र र निजका बाबु वा आमा मध्ये कुनै एक जनाको नागरिकताको प्रमाणपत्र र सोको १ प्रति प्रतिलिपि । संरक्षक नियुक्त भएकोमा संरक्षक भएको व्यहोरा खुल्ने लिखितको सक्कल प्रति र संरक्षकको नागरिकता प्रमाण पत्र तथा | रु.५०००/-राजश्व दस्तुर | प्रमाण पुराएर फाराम बुझाई फोटो र औठाछाप दिएको (१५-३०) दिन सम्ममा वा | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.४<br>राहदानी फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | प्रतिलिपि ।<br>४. निर्धारित ढाँचा (E-passport)<br>(फोटो खिच्न गरगहना/टिका/सिन्दुरटिका नभएको र दुरुस्त हुनु पर्ने)।<br>५. पहिले राहदानी लिएको भए सोको सक्कल तथा प्रतिलिपि ।<br>६. राहदानी दस्तुर रु. ५०००/- तिरेको सक्कल रसिद र १० बर्ष मुनिको नाबालकको हकमा रु.२५००/- *(राहदानी हराएको/च्यातिएको वा कुनै किसिमले बिग्रिएको भएमा दोब्बर दस्तुर लाग्ने छ।)*<br>७. निवेदक स्वयं उपस्थित हुनु पर्ने ।<br>८. **अन्यत्र जिल्लाबाट नागरिकता लिएर बसाइसराई गरी बैतडी जिल्लामा आउनेको हकमा:**<br>क) स्थानीय पञ्जाधिकारीको कार्यालयबाट जारी भएको बसाइसराई दर्ता प्रमाणपत्र।<br>ख) जग्गाधनी प्रमाण पत्र सक्कल, पानीधारा, बिजुली महशुल बुझाएको सक्कल रसिद।<br>ग) नागरिकता जारी भएको जिल्लाबाट अभिलेख भिडेको प्रमाण प्राप्त हुनुपर्ने ।<br>घ) अन्य जिल्लाबाट नाबालक परिचयपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट अभिलेख बुझिनेछ ।<br>९. **अन्यत्र जिल्लाबाट नागरिकता लिएर विवाह बैतडीजिल्ला आएका महिलाहरुको हकमा**<br>क) पतिको नागरिकताको प्रतिलिपि, विवाह दर्ता प्रमाण पत्र ।<br>ख) सम्बन्धित जिल्लाबाट नागरिकताको अभिलेख बुझिनेछ ।<br>१०. **बैतडी जिल्लामा कार्यरत सरकारी कर्मचारी र कर्मचारी परिवारको हकमा**<br>क) सम्बन्धित कार्यरत निकायको सिफारिस पत्र<br>ख) सम्बन्धित जिल्लाबाट नागरिकता प्रमाणपत्रकोअभिलेख भिडान प्रमाण र राहदानीको अभिलेख बुझिनेछ ।<br>ङ) अन्य जिल्लाबाट नाबालक परिचयपत्र बनिसकेको हकमा सम्बन्धित जिल्लाबाट अभिलेख बुझिनेछ ।<br>ग) कर्मचारीको परिचयपत्रको १ प्रति प्रतिलिपि । | | राहदानी विभागबाट प्राप्त भएपछि । | | | |
| | ख) द्रुत (Urgent) सेवाको राहदानी सिफारिस | १. द्रुत सेवा मागको रु.१० को टिकट टाँस गरी निवेदन संगै निवेदक स्वयम् उपस्थित हुनुपर्ने ।<br>२. माथि साधारण राहदानीको महलको बुदाँ नं. ६ मा उल्लेखीत राजश्व तिरेको रसिद बाहेक सबै कागजातहरु । | निवेदन साथ रु.१० को टिकट | प्रमाण पुगेमा सोही दिन सिफारिस हुनेछ । | स.प्र.जि.अ./ना.सु. कोठा नं.४ राहदानी फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | ३. पेश गरेका नागरिकता तगायतका कागजातहरु सक्कल लिएर आउनु पर्ने ।<br>४. द्रुत सेवा (Urgent Service) १,२,३ दिनको लागि राहदानी विभागमा जानु पर्नेछ । | | | | | |
| | ग) राहदानीमा भएको विवरण संशोधन गर्ने कार्य | १. E-passport मा संशोधन नहुने भएकोले संशोधन गर्नुपरे नयाँ राहदानी बनाउने प्रकृया बमोजिम फेरी निवेदन पेश गर्ने ।<br>२. साबिकको राहदानी सक्कल | रु.५०००/-राजश्व दस्तुर | प्रमाण पुराएर फाराम बुझाएको (१५-३०) दिन सम्ममा | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.४<br>राहदानी फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| | घ) हराएको राहदानीको प्रतिलिपि पुन: प्राप्ति सम्बन्धी | १. साबिक राहदानीको १ प्रति प्रतिलिपि ।<br>२. विदेशमा राहदानी हराएकाको हकमा ट्राभल डकुमेन्ट ।<br>३. द्रुत सेवाबाट सिफारिस भइ राहदानी बिबागबाट राहदानी प्राप्त गरेकाको हकमा राहदानी विभागबाट अभिलेख बुझिनेछ । | निवेदन साथ रु.१० को टिकट | प्रकृया पुरा भएपछि | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.४<br>राहदानी फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्य कर्मचारीको हकमा | |
| ३ | **नाबालक परिचय पत्र तथा प्रतिलिपि**<br>(१६ वर्ष भन्दा कम) | १. तोकिएको ढाँचामा स्थानीय तह वा सरकारी अधिकृतले सिफारीस गरेको सिफारिस।<br>२. बाबु र आमाको नागरिकता प्रमाणपत्रको र फोटोकपी ।<br>३. बाबु र आमाको विवाह दर्ता प्रमाणपत्रको र फोटोकपी ।<br>४. बच्चाको जन्म दर्ता प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र फोटोकपी।<br>५. संरक्षक भई आउने व्यक्तिको सक्कल नागरिकता प्रमाण पत्र र संरक्षक भएको प्रमाण सहित सनाखत ।<br>६. नाबालक संग नाता खुल्ने अभिभावकको फोटो समेतको नाता प्रमाणित ।<br>७. **बाहिरी जिल्लाबाट बसाइसराई गरी आएकाको हकमा :**<br>क) बसाइसराई दर्ताको प्रमाण पत्र सक्कल तथा फोटोकपी ।<br>ख) जग्गाधनी प्रमाणपत्र, पानी, घरको बिजुली महसुल बुझाएको रसिद ।<br>८. **विदेशमा जन्म भएका नाबालकहरुको हकमा :**<br>क) नेपाल बाहिर जन्मस्थान हुनेको हकमा अस्पतालको Birth Certificate<br>ख) नेपाल आउदा प्रयोग भएको बच्चाको one way Travel | निवेदनमा रु.१०/-को टिकट<br>प्रतिलिपिको हकमा निवेदनमा रु.१३ को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.३<br>प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |

| क्र.सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | Document वा राहदानी (सो मा लागेको अध्यागमन कार्यालयको नेपालको छाप सहितको)<br>ग) बच्चा लिएर आउने बाबुआमाको राहदानी (सो मा लागेको अध्यागमन कार्यालयको नेपालको छाप सहितको)<br>९. **कर्मचारी परिवारको हकमा :**<br>क) कार्यरत कार्यालयको वा निकायको सिफारिस पत्र ।<br>१०. बाबु आमाको नागरिकता अन्य जिल्लाको भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्रमाणपत्रको अभिलेख अनिवार्य रुपमा बुझिनेछ । | | | | | |
| ४. | **सिफारिस तथा प्रमाणित**<br><br>क) आदिवासी जनजाती | १. आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानले प्रदान गरेको परिचयपत्र ।<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस ।<br>३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित तोकिएको ढाँचामा निवेदन।<br>४. नाबालक भए नाबालक परिचयपत्र सहित बाबु आमाको नागरिकताको प्रतिलिपि ।<br>५. स्थायी ठेगाना बैतडी जिल्ला बाहेक अन्य जिल्ला भए बसाइसराई दर्ता प्रमाणपत्र ।<br>६. कर्मचारी परिवारको हकमा सम्बन्धित सरकारी कार्यालयको सिफारिस पत्र । | निवेदनमा रु.१०/-को टिकट | प्रमाण पुरा भएकै दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.३<br>प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |
| | ख) भारतिय पेन्सनरको पारिवारिक विवरण लगायतको सिफारिस | १. रित पुर्वकको निवेदन साथ पासपोर्ट साईजको २ प्रति फोटो ।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।<br>३. निवेदकको नागरिकताको प्रमाण पत्रको सक्कल तथा फोटोकपी ।<br>४. पेन्सनपट्टाको फोटोकपी लगायत प्रमाण खुल्ने अन्य कागजातहरु । | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.३<br>प्रशासन फाँट | प्र.जि.अ. | |
| | ग) नाता प्रमाणित | १. सम्बन्धित स्थानीय तहबाट फोटो प्रमाणित सहितको पारिवारिक विवरण खुलेको सिफारिस ।<br>२. नाता प्रमाणित गरिलिने सबैको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>३. नाता प्रमाणित गरिलिने सबैको पासपोर्ट साइजको २/२ प्रति फोटो ।<br>४. मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र ।<br>५. विवाहिताका लागि विवाहदर्ता प्रमाणपत्र र पेन्सनरको हकमा पेन्सनपट्टा । | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु.<br>कोठा नं.३<br>प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | ६. स्थानीय तहबाट भएको नाता प्रमाणित ।<br>७. रितपुर्वकको निवेदन । | | | | | |
| | घ) नामथर, वतन प्रमाणित | १. सम्बन्धित स्थानीय तहबाट फोटो प्रमाणित सहितको पारिवारिक विवरण खुलेको सिफारिस ।<br>२. पेन्सनपट्टा, शैक्षिक योग्यताका प्रमाणपत्र वा अन्य सम्बन्धित प्रमाणपत्रहरु ।<br>३. स्पष्ट मुखाकृति देखिने हालै खिचिएको स्तरिय अटो साइजको फोटो २ प्रति ।<br>४. रितपुर्वकको निवेदन । | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.३ प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |
| | ङ) पारिवारिक विवरण प्रमाणित | १. रितपुर्वकको निवेदन ।<br>२. सम्बन्धित स्थानीय तहबाट फोटो प्रमाणित सहितको पारिवारिक विवरण खुलेको सिफारिस ।<br>३. पेन्सनपट्टा, शैक्षिक योग्यताका प्रमाणपत्र वा अन्य सम्बन्धित प्रमाणपत्रहरु ।<br>४. स्पष्ट मुखाकृति देखिने हालै खिचिएको स्तरिय अटो साइजको फोटो २ प्रति ।<br>५. मृतकको हकमा मृत्यु दर्ताको प्रमाणपत्र ।<br>६. परिवारका सबै सदस्यहरुको नागरिकता प्रमाणपत्रको सक्कल एवं फोटोकपी नाबालकको हकमा नाबालक परिचयपत्र ।अन्य आवश्यक प्रमाणपत्रहरु । | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.३ प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |
| | च) नामथर,जात, उमेर आदि स-सानो संशोधनका लागि सिफारिस | १. व्यहोरा खुलेको निवेदन ।<br>२. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, विद्यालयको सिफारिस, शिक्षा विकास तथा समन्वय इकाई कार्यालयको सिफारिस ।<br>३. स्थानीय निकाय र प्रहरी प्रतिवेदन सिफारिस ।<br>४. (एस.ई.ई.को रिजल्ट आएको ६ महिना भित्र मात्र सर्टिफिकेटमा नै संशोधन हुन्छ अन्यथा दुइटा अलग अलग व्यक्ति नभइ एकै हो भन्ने व्यहोराको सिफारिस मात्र पाइने । )नोट: एस.ई.ई. दिएको ६ महिना भन्दा बढी भएमा उमेर सच्चिने छैन) | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.३ प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |
| | छ) एकै व्यक्ति सिफारिस (जन्ममिति, ठेगाना, | १. नागरिकता प्रमाणपत्र सहित व्यहोरा खुल्ने रितपुर्वको निवेदन ।<br>२. कुन-कुन कागजातमा विवरण फरक परेको हो सो को सक्कल र | निवेदनमा रु.१०/-को टिकट | सम्पुर्ण कागजात बुझने कार्य | स.प्र.जि.अ./ना.सु. कोठा नं.३ प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा | |

| क्र. सं. | सेवाको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजपत्रहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| | नामथर, विचको हिज्जे आदि ) | फोटोकपी ।<br>३. सम्वन्धित वडा कार्यालयको व्यहोरा खुलेको सिफारिस ।<br>४. आवश्यक्तानुसार प्रहरी प्रतिबेदन माग गर्न सकिने । | | सम्पन्न भएपछि । | | स.प्र.जि.अ. | |
| | ज) अन्य विवरण प्रमाणित | १. रितपुर्वकको निवेदन<br>२. स्थानीय निकायको विषयगत सिफारिस ।<br>३. सम्बन्धित कागजातहरुको सक्कल तथा फोटोकपी ।<br>४. निवेदकको नागरिकता प्रमाणपत्रको सक्कल तथा फोटोकपी ।<br>५. अन्य सम्बन्धित ऐन नियमानुसारका कागजात । | निवेदनमा रु.१०/-को टिकट | अन्य निकायमा बुझ्नु पर्ने भएमा बाहेक सोही दिन | स.प्र.जि.अ./ना.सु. कोठा नं.३ प्रशासन फाँट | स.प्र.जि.अ.को हकमा प्र.जि.अ. र अन्यको हकमा स.प्र.जि.अ. | |
